# JAGDULLA HYDROPOWER COMPANY LIMITED

## जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड

बानेश्वर, काठमाडौं-१०।

# स्वतन्त्र सञ्चालक (पूर्वाधार विज्ञ) का लागि निवेदन पेस गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : (२०७८।११।३०)**

जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडको नियमावली, २०७४ (दोस्रो संशोधन, २०७८ सहित) बमोजिम स्वतन्त्र सञ्चालक (पूर्वाधार विज्ञ) नियुक्तिका लागि कम्पनीको ऐ. नियमावलीको नियम २९ को उपनियम (१) र (२) बमोजिमको योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्रमाणित कागजात र वैयक्तिक विवरण (CV) सहित कम्पनीमा दरखास्त पेस गर्न सूचित गरिन्छ। विस्तृत विवरण कम्पनीको वेबसाइट **www.jhcl.com.np** मा हेर्नुहुन समेत सूचित गरिन्छ।

JAGDULLA HYDROPOWER COMPANY LIMITED
जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड
बानेश्वर -१०, काठमाण्डौ

स्वतन्त्र सञ्चालक (पूर्वाधार विज्ञ) को लागि निबेदन पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति (२०७८/११/३०)

जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडको नियमावली, २०७४ (दोश्रो संशोधन, २०७८ सहित) बमोजिम स्वतन्त्र सञ्चालक (पूर्वाधार बिज्ञ) नियुक्तिको लागी कम्पनीको ऐ. नियमावलीको नियम २९ को उपनियम (१) र (२) बमोजिमको योग्यता पुगेको इच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रमाणित कागजात र वैयक्तिक विवरण (CV) सहित कम्पनीमा दरखास्त पेश गर्न सूचित गरिन्छ ।

स्वतन्त्र संचालक (पूर्वाधार विज्ञ) को देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्छ ।

(१) कम्तीमा ३५ वर्ष उमेर पूरा भई ६१ वर्ष ननाघेको,

(२) उच्च दक्षता एवं नैतिकता प्रदर्शन गरेको,

(३) व्यक्तिगत वेरुजु वा सरकारी रकम बक्यौता नरहेको, प्यान नं लिएको तथा कर चुक्ता प्रमाण पत्र पेश गरेको,

(४) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न अन्य कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक शेयरधनी वा सञ्चालक, लेखापरीक्षक वा सल्लाहकारको हैसियतमा संलग्न नरहेको वा त्यस्तो हैसियतबाट अलग भई कम्तीमा १ वर्षको अवधि व्यतित भई सकेको ।

स्पष्टीकरणः शेयरधनी भन्नाले सम्बन्धित कम्पनीको कम्तीमा एक प्रतिशत शेयर स्वामित्व रहेको व्यक्ति सम्झनु पर्छ ।

**(५) <u>शैक्षिक योग्यता, कार्यानुभवः</u>**

(२) उपनियम (१) मा उल्लिखित योग्यताको अतिरिक्त स्वतन्त्र संचालकको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर गरेको र

(क) इन्जिनियरिङ्ग विषयमा स्नातकपछि जलविद्युत क्षेत्रमा कम्तीमा १२ वर्षको कार्य अनुभव, वा

(ख) इन्जिनियरिङ्ग विषयमा स्नातकपछि जलविद्युत क्षेत्रमा कम्तीमा २ वर्षको कार्य अनुभव र पूर्वाधार क्षेत्र सहित कम्तीमा १२ वर्षको अनुभव, वा

(ग) मान्यता प्राप्त विश्वविद्यालयवाट सम्बन्धन प्राप्त शैक्षिक संस्थामा जलविद्युत क्षेत्रमा पूर्णकालिन अध्यापन वा अध्ययन अनुसन्धानको अनुभव सहित कम्तीमा १२ वर्षको अनुभव भएको हुनु पर्नेछ ।
तर कुनै उपाधि प्राप्त गर्ने गरी गरिएको अध्ययन अनुसन्धानलाई मान्यता दिइने छैन ।

माथी उल्लेखित विवरण सहित अनुसूची - १ बमोजिमको स्वघोषणा गर्नु पर्नेछ ।

Baneshwor, Kathmandu-10, Nepal
Tel. : 977-1-4479242 | Email: info@jhcl.com.np
Website: www.jhcl.com.np

## अनुसूची

### जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड

### बानेश्वर, काठमाडौं ।

म ................................................ जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडको .................................. पदमा काम गर्न इच्छुक रहेको हुँदा तपशिल बमोजिम स्वघोषणा गर्दछुः

१. भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

२. प्रचलित कानून बमोजिम कालो सूची वा दामासाहीमा नपरेको,

३. व्यक्तिगत वेरुजु वा सरकारी रकम बक्यौता नरहेको र कर चुक्ता प्रमाणपत्र पाएको,

४. अन्य कुनै जलविद्युत कम्पनी वा निकायमा सञ्चालक, लेखापरीक्षक, सल्लाहाकार नरहेको र त्यस्तो कम्पनीमा तोकिएको भन्दा बढी शेयर रहेको शेयरधनी नरहेको,

५. स्थायी लेखा नम्बर (PAN) लिएको,

६. पेश गरेका सम्पूर्ण विवरणहरु तथा कागजातहरु साँचो रहेको र झुट्टा ठहरेमा प्रचलित कानून बमोजिम हुने सजाय भोग्न तयार रहेको ।

स्पष्टीकरणः यस स्वघोषणाको प्रयोजनको लागि शेयर धनी भन्नाले सम्बन्धित कम्पनीको कम्तीमा एक प्रतिशत शेयर स्वामित्व रहेको व्यक्ति सम्झनु पर्छ ।

नामः

ठेगानाः

नगरिकता नं. :

मोबाइल नं :